Prithvi Journal of Research and Innovation
(A Peer-Reviewed, Open Access Multidisciplinary Bilingual Journal)
ISSN 2705-4888 (Print); ISSN 2705-4896 (Online)
Volume 2; 15 December 2020; pp. 49-57
DOI: https://doi.org/10.3126/pjri.v2i0.33435

# ‘जीवन चङ्गा’ कवितामा वेदान्त दर्शनको प्रभाव

## [The Influence of Vedanta Philosophy in the Poem “Life as a Kite”]

**बोधराज ढकाल, उपप्राध्यापक**
नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस
त्रिभुवन विश्वविद्यालय, पोखरा
**Bodha Raj Dhakal, Lecturer**
Department of Nepali, Prithvi Narayan Campus
Tribhuvan University, Pokhara

Submitted: 15 Aug. 2020 Reviewed: 06 Oct. 2020 Revised: 03 Nov. 2020

**सार**
*प्रस्तुत अनुसन्धानात्मक लेखमा लेखनाथ पौड्यालको ‘जीवन चङ्गा’ कवितामा प्रस्तुत अद्वैत वेदान्त दर्शनका मूलभूत चिन्तनहरूको विश्लेषण गरिएको छ । ब्रह्मसूत्रका भाष्यकारहरूमध्ये सर्वश्रेष्ठ मानिने शङ्कराचार्यको अद्वैत वेदान्त दर्शनको ब्रह्म सत्य र जगत् मिथ्या हो; जीव नै ब्रह्म हो र ब्रह्मबाट भिन्न केही छैन भन्ने मान्यतालाई यस कवितामा कविले प्रस्तुत गरेका छन् भन्ने निष्कर्ष दिइएको छ । यस कवितामा लट्टाईमा बाँधिएको धागोको भरमा आकाशमा उन्मुक्त भएर विचरण गरेझैं चङ्गारूपी जीव (मान्छे)ले मायाको कारण मोहमा फसेर जगत्को भौतिक सुखसुविधाको उपभोगबाट परम आनन्द प्राप्त गर्न सकिन्छ भन्ने भ्रममा बाँचेर बन्धनमा परेको उल्लेख गरिएको छ । कवितामा जगदीश्वरको विश्व ब्रह्माण्डमा प्रकाशमय एक मात्र सत्ता छ र सूक्ष्म लट्टाईभित्र नै प्रभु (ब्रह्म)को वास भएको देखाउँदै एक मात्र सत्य ब्रह्म हो भन्ने भाव प्रकट गरिएको छ भनेर यस लेखमा निचोड निकालिएको छ । सामग्री सङ्कलनमा पुस्तकालय विधिको प्रयोग गरिएको यस लेखमा प्राथमिक स्रोत सामग्रीको रूपमा ‘लेखनाथका प्रमुख कविता’ कविता सङ्ग्रहमामा सङ्गृहीत ‘जीवन चङ्गा’ कविता र द्वितीय स्रोतका रूपमा वेदान्त दर्शनसँग सम्बन्धित ग्रन्थहरू, समालोचनात्मक कुतिहरू, लेखहरू तथा अनुसन्धनात्मक लेखहरूलाई लिइएको छ । अद्वैत वेदान्त दर्शनका आधारभूत मान्यताहरू जीव, जगत्, माया, बन्धन, मोक्ष र ब्रह्मलाई आधार मानेर कविताशंहरूलाई दृष्टान्त दिएर निगमनात्मक विधि मार्फत विश्लेषण गरिएको छ ।*

**मुख्य शब्दहरू :** अनिर्वचनीय, अविद्या, पारमार्थिक, ब्रह्मविद्या, विवर्त

**ABSTRACT**
*The present study makes a quest to explore the tenets of non-dualism of Vedanta postulated by Shankaracharya in Lekhnath Poudel’s poem “Jivan Changa” (Life as a Kite). The fundamental concepts of non-dualism like Jiva (being), jagat (the universe), maya (the divine illusion), bandhan (bondage), metempsychosis, salvation, and ultimate realization of the Absolute have been deductively analyzed, interpreted, and explored in the poem. The postulation of Vedanta in Bhramasutra and non-dualism of Shankara speculate the cosmic manifestation as simply the appearance of the absolute Brahman. As such, the substance is Brahman, the absolute, is beyond any metamorphosis, and the whole cosmic manifestation is just the spark of the absolute Brahman. Even though the union between the two – the individual soul and Brahman – is not separable, the moment an individual soul identifies itself with the matter (body); it becomes oblivion of the*

*eternal union because of maya. The moment this veil is annihilated; the stage of forms and identity merges into the domain of formless Brahman. All these concepts are explored in the poem as it crystallizes how the human in the form of kite – while considering material transitory glory as the source of bliss – is devoid of destination and goal. The study takes the ideas, words, and symbols from the poem as the primary source of concepts. Since this is a qualitative library research, the philosophy of non-dualism philosophy, its criticism, reviews on the poem, and online resources have been considered as the secondary source while analyzing the poem.*

**KEYWORDS:** Inexpressible, ignorance, paramarthik, brahmabidya, illusion

**विषयप्रवेश**

नेपाली साहित्यका विविध विधामा कलम चलाएका लेखनाथ पौड्याल (वि.सं. १९४१-२०२२) श्रृङ्गारिककालमै समस्यापूर्ति कविता लेखनमार्फत् देखापरेका कवि हुन् । वि.सं. १९६१-६२ मा प्रकाशित प्रथम रचनाका रूपमा सामूहिक कवितासङ्ग्रह *कविताकल्पद्रुम*मा *श्रृङ्गारपच्चिसी* र *मनसाकर्षिणी* कविताहरू सङ्गृहीत छन् । श्रृङ्गारिक लेखन परम्पराबाट नेपाली कवितालाई परिष्कारवादी काव्यधारामा मोड्ने लेखनाथले आरम्भमा लेखेका जोगमण्डलीका कवि र कवितामा सङ्कलित कविताहरू निकै अश्लील र अशिष्ट पाराका रहेका छन् । तर पछि श्रृङ्गारिक भावधारा विरोधी घोषणा *कविकवितालाप*बाटै गरेर उनले धार्मिक, आध्यात्मिक, नीतिचेतनात्मक तथा सामाजिक जागरणमूलक भावधारा अँगालेको पाइन्छ । नेपाली साहित्यमा ६० वर्ष लामो काव्य साधना गरेका लेखनाथलाई पूर्वीय जीवन दर्शनलाई बुझेका परिष्कारवादी एवम् नेपाली साहित्यमा आधुनिकता ल्याउने कविका रूपमा चिन्न सकिन्छ । लेखनाथ पौड्याल नेपाली कविता लेखनका क्षेत्रमा फुटकर कवितादेखि नव्यकाव्यसम्मका काव्य रचना गरेका कवि हुन् । उनका प्रकाशित काव्यकृतिहरूमा *लालित्य भाग १* (१९६९ र २०१०), *वर्षाविचार* (१९६५), *लालित्य भाग २* (२०२५), *कविशिरोमणि लेखनाथ पौड्यालका प्रतिनिधि कविता (२०४१) र लेखनाथका प्रमुख कविता (२०४६)* कवितासङ्ग्रहहरू रहेका छन् । यसैगरी उनका *शोक प्रवाह* (१९७०), *ऋतुविचार* (१९७३ र १९९१), *बुद्धि-विनोद १९७३), सत्यकलि-संवाद* (१९९१), *गीताञ्जली* (१९८६), *सप्तप्रश्नात्मक बुद्धिविनोदको पहिलो विनोद*(१९९४), *त्याग र उदयको युगल प्रकाश* (२००२) *अमरज्योतिको सत्यस्मृति* (२००८) *तरुणतपसी* (२०१०) र *मेरो राम* (२०११) काव्यहरू प्रकाशित छन् । नेपाली कविताको श्रृङ्गारिक धारामा उदाएर प्रयोगवादी धारामा अस्ताएका लेखनाथका काव्यकृतिमा आध्यात्मिकता, मानवतावाद, प्रकृति, संस्कृति, नीति, स्तुति, उपदेशात्मकता र राष्ट्रियता एवम् सामाजिक भावनाको अभिव्यक्ति पाइन्छ । कवि लेखनाथका कविताहरूमा आध्यात्मिकता कुनै न कुनै रूपमा अभिव्यक्त भएको पाइन्छ । दार्शनिक चेतनाका माध्यमबाट समाजलाई सही मार्ग निर्देश गर्ने लेखनाथ पौड्याल वेदान्त दर्शनलाई अँगाल्ने कवि हुन् । अध्यात्मवादबाटै उत्कृष्ट जीवन प्राप्ति हुन्छ भन्ने लेखनाथले कवितामा वेदान्त दर्शनका मान्यता एवम् अभिलक्षण प्रस्तुत गरेका छन् । लेखनाथका कवितामा जीवन र जगत्प्रति राखिएको विचार र भावहरू वेदान्त दर्शनका मान्यताहरूसँग मिल्दा छन् । लेखनाथले कवितामा ब्रह्म सत्य र जगत् मिथ्या भन्ने अद्वैत वेदान्त दर्शनको मूल मान्यतालाई प्रस्तुत गरेका छन् । माया वा अविद्याका कारण व्यावहारिक रूपमा जीव र जगत्को सत्तालाई मानिसले सत्य भनेको र मायाकै कारण मानिस बन्धनमा परेर दुःख पाएको भाव कवितामा लेखनाथले व्यक्त गरेका छन् । मानवजीवनको अन्तिम लक्ष्य यही अविद्याबाट मुक्त भई ब्रह्मज्ञान प्राप्त गरी यो सांसारिक दुःखबाट छुट्कारा पाउन सकिन्छ भन्ने अद्वैत वेदान्त दर्शनको मान्यतालाई लेखनाथले *जीवन चङ्गा* कवितामा प्रस्तुत गरेका छन् । यस अनुसन्धानमूलक लेखमा *लेखनाथका प्रमुख कविता* कवितासङ्ग्रहमा सङ्गृहीत *जीवन चङ्गा* कवितामा अद्वैत वेदान्त दर्शनका अभिलक्षणहरूलाई कसरी प्रस्तुत गरिएको छ ? त्यसका आधारमा विश्लेषण गरिएको छ ।

**समस्याकथन**

प्रस्तुत अनुसन्धानात्मक लेख *जीवन चङ्गा* कवितामा वेदान्त दर्शनको प्रभाव विषयमा अधारित छ । *जीवन चङ्गा* कवितामा जीव, जगत्, माया, बन्धन, मोक्ष र ब्रह्मसम्बन्धी अद्वैत वेदान्त दर्शनका मान्यताहरू कसरी प्रकट भएका छन् ? भन्ने यस अनुसन्धानमूलक लेखको मूल समस्या रहेको छ ।

**अध्ययनको उद्देश्य**

यो अनुसन्धानमूलक लेखको उद्देश्य *जीवन चङ्गा* कवितामा प्रस्तुत जीव र जगत्, माया र बन्धन तथा मोक्ष र ब्रह्मसम्बन्धी अद्वैत वेदान्त दर्शनका मान्यताहरूको विश्लेषण गर्नु रहेको छ ।

**पूर्वकार्य समीक्षा**

लेखनाथका *जीवन चङ्गा* लगायतका विभिन्न फुटकर कविताका सन्दर्भमा विभिन्न समालोचनात्मक अध्ययन र विश्लेषणहरू भएका छन् । लेखनाथका कविताहरू विशेष गरी *जीवन चङ्गा* कविताको अद्वैत वेदान्त दर्शनका मूलभूत मान्यताका आधारमा सविस्तार विवेचन नगरिए पनि पूर्वीय आस्तिक दर्शनसँग सापेक्षित रहेर अध्ययन र विश्लेषणहरू भएका छन् । *कस्तुरी* (२०२४) पत्रिकामा मीरा न्यौपानेले "हिन्दू दर्शन र लेखनाथ" शीर्षकको लेखमा लेखनाथलाई नेपाली कवितामा दर्शनको प्रयोग गर्ने पहिलो प्रयोक्ता रहेका र *जीवन चङ्गा* कवितामा अद्वैत वेदान्त दर्शनको प्रयोग गरेका छन् भनेर उल्लेख गरेको हुनाले यस अध्ययनका लागि यो पूर्वकार्य सहयोगी बनेको छ । प्रस्तुत लेखका अतिरिक्त अन्य लेख तथा अनुसन्धानमा *जीवन चङ्गा* कवितामा केन्द्रित भएर अध्ययन एवम् विश्लेषण भएको देखिँदैन । त्यसैले लेखनाथ र उनका काव्यकृतिलाई वेदान्त दर्शनका कोणबाट गरिएका अन्य व्याख्या एवम् विश्लेषणहरूमध्ये केहीलाई मात्र यहाँ पूर्वकार्यका रूपमा प्रस्तुत गर्दा सान्दर्भिक नै होला भनी प्रस्तुत गरिएको छ । *सिंहवालोकन* (२०३२) नामक पुस्तकमा वासुदेव त्रिपाठीले लेखनाथलाई वेदान्त दर्शनका अनुयायी भनेका छन् । लेखनाथका कवितामा पूर्वीय आस्तिक षड्दर्शन एवम् विशेषत : वेदान्त दर्शनको प्रभाव पाइन्छ भनेर उल्लेख गरिएको छ । *मधुपर्क* (२०४०) पत्रिकामा बद्रीविशाल भट्टराईले "सत्यसन्देश भित्रका लेखनाथको सन्देश" शीर्षकको लेखमा लेखनाथलाई आर्यसंस्कृतिका अनुयायी, वेदान्ती र अध्यात्म प्रेरित कवि भन्दै उनमा वेदान्त दर्शनको प्रभाव पाइने भनेर चर्चा गरेका छन् । *सिर्जनाको सुवास* (२०५६) पुस्तकमा कृष्ण गौतमले लेखनाथलाई आफ्ना कवितामा नैतिकता, योगदर्शन एवम् वेदान्तको तत्त्वभावलाई एकत्व गराएर विषयवस्तु प्रस्तुत गरेका भनेर उल्लेख गरेका छन् । *नेपाली काव्य र कवि* (२०५८) पुस्तकमा राममणि रिजालले "कविशिरोमणि पं. श्री लेखनाथ पौड्याल" शीर्षकको लेखमा लेखनाथका कवितामा आध्यात्मिक चिन्तन पाइने र उनी अद्वैत वेदान्त दर्शनको सफल प्रयोक्ता एवम् प्रकृतिलाई अद्वैत ब्रह्मको उपमा दिएर अनेकतामा एकता देख्ने कवि भनेर उल्लेख गरेका छन् । नेपाल संस्कृत विश्वविद्यालयमा प्रस्तुत दधिराज मरासिनी र लेखनाथ पौड्यालका कवितामा दार्शनिक पक्षका तुलनात्मक अध्ययन (२०६९) शीर्षकको शोधप्रबन्धमा डुकुलप्रसाद घिमिरेले लेखनाथ पौड्याललाई प्रबल दार्शनिक चेत भएका आध्यात्मिक दर्शनका प्रयोक्ता भन्दै चर्चा गरेको पाइन्छ । बोधराज ढकालको लेखनाथका फुटकर कवितामा वेदान्त दर्शन (२०७७) शीर्षकको लघु-अनुसन्धान प्रतिवेदनमा लेखनाथलाई अद्वैत वेदान्त दर्शनबाट प्रभावित कविका रूपमा चित्रण गरिएको छ । *जीवन चङ्गा* लगायतका प्रतिनिधिमूलक पाँच ओटा कविताका केही कविताशंलाई दृष्टान्त दिएर कविले अद्वैत वेदान्त दर्शनका मान्यताहरूलाई पूर्ण रूपमा प्रस्तुत गरेका छन् भनेर उल्लेख गरिएको हुनाले यस अध्ययनका लागि यसलाई पूर्वकार्यका रूपमा समावेश गरिएको छ । यस प्रकारका पूर्वकार्यलाई अध्ययन गर्दा लेखनाथको काव्यलेखन वेदान्त दर्शनबाट प्रभावित रहेको स्पष्ट मान्न सकिन्छ । त्यसैले *जीवन चङ्गा* कवितामा अद्वैत वेदान्त दर्शनको प्रभावको विश्लेषण गर्न माथि उल्लेखित पूर्वकार्यहरूबाट सहयोग पुग्ने देखेर नै तिनीहरूलाई यहाँ समावेश गरिएको हो ।

**अध्ययन विधि तथा प्रक्रिया**

यो अध्ययन गुणात्मक प्रकृतिको रहेको छ । पुस्तकालय विधिमार्फत् प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरू सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीहरूको अध्ययन र विश्लेषणको आधार अद्वैत वेदान्त दर्शनका मान्यताहरूलाई बनाइएको छ । यसको पुष्ट्याइँका लागि वेदान्त दर्शनसँग सम्बन्धित भनाइ तथा दृष्टिकोणसँग कविताहरूमा अभिव्यक्त कुराहरूलाई सापेक्षित रूपमा उद्धृत गरी निगमनात्मक विधिमार्फत *जीवन चङ्गा* कविताको दृष्टान्तसहित व्याख्या र विश्लेषण गरिएको छ ।

**अध्ययनको सीमा**

यो अध्ययन लेखनाथ पौड्यालको *जीवन चङ्गा* कवितामा प्रस्तुत अद्वैत वेदान्त दर्शनका मूलभूत मान्यताहरू (जीव र जगत्, माया र बन्धन तथा मोक्ष र ब्रह्म) को विश्लेषणमा आधारित छ । यहाँ पूर्वीय आस्तिक दर्शनअन्तर्गत वेदान्त दर्शनको पनि भाष्यकार शङ्करको अद्वैत वेदान्त दर्शनका मूलभूत चिन्तन

बाहेकका अन्य दार्शनिक मान्यताहरू र *जीवन चङ्गा* कविता बाहेकका अन्य कविताहरू प्रस्तुत अध्ययनका सीमा रहेका छन् ।

**वेदान्त दर्शन र यसका मान्यताहरू**

वेदान्त दर्शनलाई वेदको अन्तिम भाग भन्ने बुझिन्छ । 'वेदानां अन्तः सार इति' भन्ने पक्षलाई हेर्दा वेदान्तलाई वेदको सारतत्त्व भएको शास्त्र भन्ने बुझिन्छ (शर्मा, २०६१ : १५४) । वेदान्तमा वेद तथा उपनिषद्हरूमा वर्णित सिद्धान्तहरूको सारांश रहेको छ । उपनिषदीय ज्ञानलाई सूत्रात्मक रूपमा प्रस्तुत गरिएको हुनाले वेदान्त दर्शनको मूल ग्रन्थको रूपमा *ब्रह्मसूत्र*लाई लिइएको (थापा, २०७५ : १२९) हो र यसका प्रणेता वादरायणलाई हुन् । *ब्रह्मसूत्र*मा चार आध्याय, सोह्र पाद, १९२ अधिकरण र ५५५ सूत्र रहेका छन् । ब्रह्म के हो ? सृष्टि, स्थिति र प्रलय नै ब्रह्मबाट हुन्छ भन्ने विषयमा नै वेदान्त दर्शनको व्याख्या केन्द्रित रहेको देखिन्छ । *ब्रह्मसूत्र*का धेरै भाष्यकारहरूमध्ये शङ्कराचार्यको अद्वैत वेदान्तलाई सर्वश्रेष्ठ मानिन्छ । ब्रह्म नै सत्य हो, जगत् मिथ्या हो, जीव नै ब्रह्म हो र ब्रह्मबाट भिन्न केही छैन । सम्पूर्ण जगत् उत्पत्ति भएको भान वा भ्रम मात्र हो । ब्रह्म निराकार, निर्विशेष, व्यक्तित्वहीन, भेदशून्य, चित्, अनिर्वचनीय, आनन्दमय, सच्चिदानन्द स्वरूप र निर्गुण छ । यसले अन्तिम सत्यका रूपमा ब्रह्म मात्र एक रहेको र संसारका सबै वस्तु असत्य मान्दै ब्रह्म मात्र सत्य मानेको हुनाले शङ्करको यो मतलाई अद्वैतवाद भनेर चिनिन्छ (सिंह एवम् सिंह, २०१२ : ४६७) । यस विश्लेषणमा शङ्कराचार्यको यसै अद्वैत वेदान्त दर्शनलाई आधार मानेर व्याख्या गरिएको छ ।

**वेदान्त दर्शनमा जीव र जगत्**

वेदान्त दर्शनले ब्रह्म र जीव एउटै भएपनि भेदको प्रतीति भनेको व्यावहारिक हो भनेको छ । अविद्याका कारण जीवले आत्मालाई शरीरभन्दा भिन्न बुझ्न नसक्ने, ज्ञानेन्द्रिय र कर्मेन्द्रियलाई आत्मासँग सम्बन्धित मानेर आत्मालाई दुःखी र रोगी जीव भन्ने व्यवहार गरिन्छ । जीव व्यावहारिक सत्ता हो भने आत्मा पारमार्थिक सत्ता हो । जीवमा यही अविद्या व्याप्त रहँदा जीव दुःखमय भएको हो । जीवमा त्रिगुण (रजो, तमो र सत्व) रहेका छन् (शर्मा, २०१० : २५४) । जीव ज्ञानेन्द्रिय, कर्मेन्द्रिय तथा प्राणयुक्त देही वा देहधारी हो । जीवले सांसारिक प्राणीका रूपमा शुभ अशुभ कर्म गर्ने र सुखदुःखको अनुभव गर्ने भोक्ता हो । अज्ञानताकै कारण देहरूपी देखिने जीव म वा हामीको रूपमा देखिएको र यसले शरीर धारण गर्ने, सांसारिक विषयवासनामा लिप्त हुने, अङ्कार, राग, द्वेष, लोभ, मोह, ईर्ष्या, डाहा, घृणा जस्ता प्रवृत्तिबाट प्रेरित हुने, आफन्त र पराइको बोध गर्ने, सांसारिक सुख-दुःख, वृद्धि-ह्रास आदि अनुभव गरिरहन्छ भनिएको छ । जबसम्म हाम्रो आँखाबाट अविद्याको पर्दा हट्दैन त्यति बेलासम्म हामी चैतन्य स्वरूप आनन्दमय आत्मालाई दुःखी र रोगी जीव भन्ने व्यवहार गर्दछौं (गिरी, २०५५ : ५६) । अविद्या नष्ट हुँदा अद्वैत उत्पन्न भएर ब्रह्मसम्बन्धी यथार्थ स्पष्ट हुन्छ ।

निरन्तर उत्पत्ति, स्थिति र लय भाव प्राप्त हुने र जीवले जन्म लिने, हुर्कने र कर्म गर्ने स्थललाई व्यावहारिक रूपमा जगत् भनिन्छ । सच्चिदानन्दस्वरूप ब्रह्मसँग मायाको सन्निकटता भएर देखा परेको जगत् ब्रह्मको विवर्त हो (गिरी, २०५५ : ५८) । जीव, प्रकृति एवम् पञ्चमहाभूत भनेर जे मानेका छौं त्यसलाई अद्वैत वेदान्त दर्शनले असत्य मानेको छ । ब्रह्मको मायाद्वारा जगत्को भ्रमात्मक प्रतीति भएको हो । माया/अज्ञान वा अविद्याले गर्दा जगत् वा विश्व भएको हो (अञ्जना, २००६ : ९७) । त्यसैले जगत् भनेको ब्रह्मको अविद्याजन्य आभास मात्र हो । जब तत्त्वज्ञान प्राप्त हुन्छ, अविद्या हट्छ तब पारमार्थिक दृष्टिले व्यावहारिक दृष्टिका सत्य कुरालाई असत्य सिद्ध गरिदिन्छ । जगत् सत्यको भान मात्र हो । अविद्याले ईश्वर, भोक्ता जीव र भोग्य जगत् फरक देखिएका हुन् तर यो हट्ने वित्तिकै भेदबुद्धि हटेर तीन ओटै तत्त्व परमेश्वरमा लीन हुन्छन् । जगत् कर्ता, कर्म र फलको आश्रय स्थल हो । ब्रह्मज्ञानपछि जीव र जगत्को भिन्न अस्तित्व समाप्त भएर ब्रह्म मात्र सत्य हो भन्ने बोध हुन्छ ।

**वेदान्त दर्शनमा माया र बन्धन**

माया शब्दको अर्थ भ्रम, जादू, छल भन्ने भए पनि दार्शनिक क्षेत्रमा यसलाई ब्रह्ममा आश्रित अनिर्वचनीय शक्ति भनिन्छ । ज्ञानलाई ढाकेर निर्गुण ब्रह्मलाई सगुण, निराकार ब्रह्मलाई साकार, सच्चिदानन्द ब्रह्मलाई सुख-दुःखात्मक जगत्को रूपमा प्रतीत गराउने काम मायाले गर्दछ । डोरी देख्दा सर्प ठानेर डर लागे जस्तै मायाले गर्दा संसार र सुखदुःखको प्रतीति भइरहन्छ । माया भ्रम ज्ञान हो, यो अस्तित्वमा रहेसम्म यथार्थज्ञान हुँदैन । मायाको आवरण शक्तिले ज्ञानलाई बाहिरबाट ढाकिदिँदा प्राणीहरू

भ्रममा पर्दछन् । श्रीमद्भागवद्गीतामा अज्ञानले प्राणीहरू मोहमा पर्ने र विवेकद्वारा वस्तुको यथार्थता बोध भएपछि मुक्त हुन्छन् भनिएको छ (प्रभुपाद, २०१६ : ५९४) । मायाले असत्य सृष्टिलाई सत्याभास गराइदिन्छ । देहलाई आत्मा ठान्नु र जीवमा भिन्नता, जगत्मा अनेकता, जन्म, मृत्यु आदि गतिविधि प्रतीत हुनु, आफ्नो र पराइ ठान्नु, संसारलाई नित्य मान्नु, देहलाई सर्वस्व ठान्नु र भवबन्धनमा पर्नु नै माया हो । माया मन्द प्रकाश हो र यसले जीवलाई ब्रह्मज्ञानबाट विमुख तथा द्वैतबोध गराई अहङ्कार, बन्धन र भ्रम सिर्जना गर्दछ । आत्मज्ञानले मात्र मायाको सत्ता समाप्त हुन्छ ।

जीवलाई स्वतन्त्र हुन नदिने तत्त्व बन्धन हो र यसको कारण अविद्या वा अज्ञान हो । ब्रह्मको यथार्थ स्वरूपको ज्ञान नहुनु, संसारलाई सत्य ठान्नु र शरीरलाई आफ्नो ठान्नु अज्ञानताको कारण हो । यसरी जीव, जगत्, ईश्वर, ब्रह्म, माया आदिलाई भिन्दाभिन्दै ठान्नुलाई वेदान्त दर्शनले बन्धन मानेको छ । अज्ञानवश व्यक्ति आत्मालाई ठानेर मन इन्द्रिय आदि सम्झन्छ, त्यसकारण ऊ बन्धनमा फस्दछ (गिरी, २०५५ : १४५-१४६) । देह र आत्मालाई एउटै ठानेर जीवले शरीरका सुखदुःखलाई आफ्नै सुखदुःख मान्नु भनेकै बन्धन हो । अविद्याका कारण जीव देह, इन्द्रिय र अन्तस्करणमा तादात्म्यता हुन्छ र अहङ्कार एवम् ममकारयुक्त भएर जीव स्वयंलाई शुभ अशुभ कर्मको कर्ता ठान्दछ, सुख-दुःखजस्ता कर्मफलको भोक्ता मान्दछ अनि जन्म-मृत्युको संस्मरण गर्दछ, यही नै जीवको बन्धन हो (शर्मा, २०१० : २५७) । मानिसले आफ्नो परिवार, आफन्त, सन्तानको प्रगति, उन्नति, अवनतिलाई आफूसँग जोडेर सफलता र असफलता ठान्नु, भौतिक सम्पत्ति र परिवारप्रतिको ममत्त्वबोध र आफ्नोपनको बोध गर्नु बन्धन हो ।

**वेदान्त दर्शनमा मोक्ष र ब्रह्म**

मोक्ष भनेको आत्माको वास्तविक स्वरूपलाई चिन्नु हो । ज्ञानले अविद्या नाश गरेपछि मोक्ष प्राप्त हुन्छ । जीवमा अविद्या हटेर आत्मालाई मुक्त, शुद्ध, चैतन्य र अविनाशीका रूपमा बोध हुँदा मोक्ष प्राप्ति हुन्छ । वेदान्त दर्शनले विभिन्न प्रकारका बन्धनबाट मुक्त भई अविद्याहीन अवस्थालाई मोक्ष मानेको छ (राधाकृष्णन्, भाग-२, २०१२ : ५५७) । जगत्, ब्रह्म र आत्मा एउटै हुन् र भेद छैन भन्ने ज्ञान नै अभेद ज्ञान, आत्मज्ञान, तत्त्वज्ञान वा ब्रह्मज्ञान हो । ब्रह्म वा आत्माको वास्तविक स्वरूप जान्नु नै मोक्ष हो (गिरी, २०५५ : १४६) । मोक्ष भनेकै सत्यबोध हो । मोक्ष प्राप्तिपछि जगत् असत्य र ब्रह्म सत्य हो भन्ने ज्ञान हुन्छ । ज्ञान गुरु उपदेश (परोक्ष) र आफू स्वयं (अपरोक्ष)बाट प्राप्त गर्न सकिने र वेदान्त दर्शनले अपरोक्षलाई बढी महत्त्व दिएको देखिन्छ । ब्रह्मज्ञानपछि भेदभाव अन्त्य हुन्छ । एकमात्र ब्रह्म सत्य हो र त्यसको मात्र अस्तित्व छ भन्ने बोध वा ज्ञान नै मोक्ष हो । ब्रह्मविद्या मोक्षको साधन हो । ज्ञान प्राप्तिपछि व्यावहारिक सत्ताको अन्त्य भएपछि मान्छेलाई सांसारिक माया, मोह, रिस, राग, द्वेष, लोभ, मोह आदि कुनै पनि कुराले असर पार्दैन ।

ब्रह्मसत्य र जगत् मिथ्या भन्ने मान्यता नै वेदान्त दर्शनको हो । जगत्मा देखिने जीव तथा निर्जीव पदार्थहरू सबैलाई ब्रह्मको विवर्त स्वरूप मानिएको छ । वेदान्तमा ब्रह्मलाई अनिर्वचनीय सत्, चित्, चेतन एवम् सच्चिदानन्द स्वरूप, दिशा र कालको सीमाभन्दा माथि, भेदरहित, अविनाशी, नित्य, अनन्त, अखण्ड, व्यापक र निर्गुण छ भनिएको छ । शाङ्कर दर्शनमा आत्मा र ब्रह्मलाई एकै भनिएको छ । ब्रह्मप्राप्तिपछि मान्छेमा न कुनै राग रहन्छ न त द्वेष नै रहन्छ । जसरी मन्द प्रकाशमा डोरीलाई सर्प भान भएर त्रास उत्पन्न हुन्छ, त्यसरी नै मायाका कारण जगत् सत्य भान हुन्छ । डोरीलाई डोरीकै रूपमा नजान्दासम्म यो त्रास भाग्दैन । ब्रह्म वा आत्मामा वास्तविक रूप थाहा नभएसम्म सांसारिक दुःख, पीडा, लोभ, मोह, इर्ष्या, डाहा सुख आदिबाट मान्छे प्रभावित भइरहन्छ (गिरी, २०५५ : १३१) । ब्रह्मबाटै सबै सृष्टि भएका हुन् । जसले प्राणीहरूलाई उत्पत्ति र जीवित गराउँछ तथा जसमा गएर ती लीन हुन्छन् त्यही नै ब्रह्म हो (शर्मा, २०६५ : २५७) । समस्त विश्व ब्रह्माण्डको सत्ता एवम् सबै वस्तुहरू नै ब्रह्म हुन् । ब्रह्मज्ञानपछि तत्त्वबोध भई व्यक्ति परब्रह्ममा एकाकार हुन्छ र पारमार्थिक सत्य बोध हुन्छ ।

यस अध्ययनमा *जीवनचङ्गा* कविताको पूर्वीय आस्तिक दर्शन अन्तर्गत वेदान्त दर्शनको पनि भाष्यकार शङ्करको अद्वैत वेदान्त दर्शनका जीव र जगत्, माया र बन्धन तथा मोक्ष र ब्रह्मजस्ता आधारभूत मान्यताहरूका सापेक्षतामा रही विश्लेषण गरिएको छ ।

***जीवन चङ्गा* कवितामा वेदान्त दर्शन**

*लेखनाथका प्रमुख कविता* कवितासङ्ग्रहमा सङ्गृहीत *जीवन चङ्गा* कविता वि.सं. १९९२ सालमा शारदा पत्रिकामा प्रकाशित कविता हो । मात्रिक छन्दको वीस श्लोकमा सृजित यो कविता वेदान्त दर्शनमा आधारित छ । कवितामा जीवनलाई चङ्गाको प्रतीकको रूपमा प्रस्तुत गर्दै सांसारिक विषयवासनारूपी

सुखलाई क्षणिक भनिएको छ । भौतिक सुखसुविधालाई अस्थिर मान्दै मोक्ष प्राप्तिका लागि वैराग्यतिर लाग्नुपर्छ भनेर कवितामा व्यक्त गरिएको छ । चङ्गामा कुनै निश्चितता नभएजस्तै मानव जीवनको पनि भर छैन । चङ्गाको धागोजस्तै जीवनको प्राणरूपी धागो चुडिन सक्छ भन्दै कवितामाा चङ्गाको नियन्त्रण धागोले गरेजस्तै मानिसलाई आत्माले नियन्त्रण गरेको भाव व्यक्त गरिएको छ । संसारका सबै प्राणीहरूको गति चङ्गाजस्तै छ भन्दै कवितामा मानिसलाई निवृत्ति मार्गमा लाग्न भनिएको छ । यस कवितामा अद्वैत वेदान्त दर्शनका अभिलक्षणहरूलाई कविले विषय बनाएर जीवनको क्षणभङ्गुरतालाई स्वीकार गर्दै भौतिक सुखसुविधा भनेका क्षणिक हुन् र शाश्वत सत्य एवम् मोक्ष प्राप्ति ब्रह्मज्ञानबाट हुन्छ भन्ने सन्देश दिएका छन् ।

***जीवन चङ्गा* कवितामा जीव र जगत्सम्बन्धी चिन्तन**

जीव भनेको सांसारिक प्राणी भएर शुभ र अशुभ कर्म गर्ने तथा सुख र दुःखको अनुभव गर्ने भोक्ता हो । जीव र ब्रह्म एउटै भए पनि अविद्याका कारण व्यावहारिक रूपमा जीवलाई सत्य मानिएको हो । अद्वैत वेदान्त दर्शनले जीवनलाई क्षणभङ्गुर मानेको छ । जीव नाशवान् र अनित्य छ । सांसारिक सुखसुविधामाा गङगाजस्तै उर्लेपनि मानिसको जीवन चङ्गाजस्तै क्षणिक छ भन्ने विचार कवितामा उल्लेख छ । चङ्गामा बाँधिएको धागो जसरी कुनै पनि बेला चुँडिन सक्छ, त्यसरी नै जीवनको प्राणरूपी धागो पनि चुँडिन सक्छ । धागोकै भरमा माथि-माथि अनन्तमा पुग्छु झैँ गर्ने चङ्गा जस्तै मानिस पनि कहिल्यै मर्दिन र सदा रहिरन्छु झैँ गर्दछ । अज्ञानताका कारण जीवले वास्तविक सत्यबोध गर्दैन । भ्रममा परेर पारमार्थिक सत्यबाट विमुख हुन्छ । चङ्गाको लट्टाईले धागोलाई नियन्त्रण गर्दा नभमा चङ्गा उडिरहन्छ तर चुँडियो भने चङ्गा जमिनमा गिर्दछ । त्यस्तै धागोरूपी प्राण चुँडिदा चङ्गारूपी जीवको अन्त्य हुन्छ । वास्तविकता भनेकै जीवको यही अनित्य अवस्था हो । तर अविद्याका कारण जीवमा उत्पन्न भ्रम र त्यसबाट सृजित विश्वास, तथा संशय एवम् सांसारिक जीवनलाई सर्वस्व र रमाइलो मानेको यथार्थतालाई यसरी प्रस्तुत गरिएको छ :

दुर्गम भै उर्लेकी तलतिर समतुल्य मोहकी गङ्गा ।
फरफर गर्छ उपर यो जीवनमय पातलो चङ्गा ॥ (श्लोक २) (त्रिपाठी, २०६३ : १२)
मनमय घुम्छ लटाइ फनफन फन्का पलापला मारी ।
अतिशय दुर्लभ तर त्यो रसिक लटाई चिने चमत्कारी ॥ (श्लोक ४)
सङ्कल्पको छ धागो छुटी रहेको लगातार ।
गर्दछ जसका भरमा जीवन-चङ्गा विचित्र संचार ॥ (श्लोक ५)
अक्काशियर ज्यादा माथि जाँदा हराउने भय छ ।
तल गङ्गा-लहरीले लपक्क पार्ने विछट्ट संशय छ ॥ (श्लोक १६)

पातलो चङ्गा उन्मत्त भएर फनफनी आकाशमा घुमिरहेको छ । लट्टाईमा बाँधिएको धागोको आडमा चङ्गा फरफर गरिरहेको छ । जबकि लट्टाईमा बाँधिएको धागो भएन भने चङ्गा आकाशमा उड्न सक्दैन । चङ्गा आफूमा केही होइन, मूल कुरा त धागो हो । त्यसैले चङ्गा पातलो छ भनेर यसको क्षणभङ्गुरतालाई देखाउन खोजिएको हो । यथार्थ नबुझी चङ्गाले उपर सतहमा मनमत्त गरिरहेको छ । यथार्थ नबुझी बाहिर सतहमा केके न हुँ र केके न प्राप्ति भयो झैँ गरी नभमा विचरण गरेको छ । लट्टाईको आडमा नभमा आनन्दमय रूपमा चङ्गा फनफनी मनमत्त भएर फन्का मारेझैँ आत्माको आडमा जीवलाई नै सत्य ठानेर मानिसले सांसारिक सुखभोगलाई महत्त्व दिएको छ । अवास्तविकलाई वास्तविक ठानेर जीवनलाई नै एक मात्र सत्य मानेर मानिस भ्रममा परेको छ । धागाको भरमा चङगा मात्तिएर फनफनी घुमेजस्तै मानिस पनि धागोरूपी आत्माको आडमा भौतिक सुखलाई सर्वस्व मानेर मदमस्त भएर रमाएको छ । धागो छ र त चङ्गा उडेको छ, धागो टुट्यो भने चङ्गा उड्न सक्दैन र अस्तित्व पनि रहँदैन । जसरी धागोको कारण चङ्गाले विचित्रता देखाउन सकेको छ, त्यसरी नै धागोरूपी आत्माले गर्दा चङ्गारूपी जीवले विचित्रता दिन सकेको हो । धागो वा आत्मा छैन भने चङ्गा वा जीवको कुनै अस्तित्व छैन । अविद्याका कारण जीवले कतै मर्छु कि ? यो सर्वस्व ठानेको जीव नै रहन्न कि भन्ने संशयले दुःख पनि पाइरहेको छ । जीवले भौतिक सुखको अनुभूति गर्नु, रमाइलो मान्नु, जीवनलाई नै अद्भूत सुखभोगको स्वरूप मात्र देख्नु अविद्या हो । चङ्गा आकाशमा अक्कासिएर रमाइरहे झैं भौतिक सांसारिक सुखभोगमा रमाउँदै जाँदा जीव सुख र दुःखको सांसारिक भुमरीमा फस्न पुग्दछ । जसले गर्दा अनित्य जीवलाई नित्य जस्तै ठानेर कतै मर्छु कि भन्ने डर, दुःख र भय जीवमा उत्पन्न हुन्छ ।

जगत् भनेको जीवले जन्म लिने, हुर्कने, कर्म गर्ने र जीवन यापन गर्ने ठाउँ हो । यसलाई वेदान्त दर्शनले ब्रह्मको विवर्त रूप भनेको छ । व्यावहारिक रूपमा मात्र जगत् सत्य मानिएको हो । पारमार्थिक

रूपमा जगत्लाई अनित्य मानिन्छ । अविद्याले गर्दा जीवले जगत्लाई सत्य एवम् नित्य मानेको हो । अविद्याले जीवलाई पारमार्थिक सत्यबाट विमुख गराइदिन्छ । जगत्कै उपभोग र सुखभोगमा जीवले आफ्नो सुख देख्दछ । डोरीलाई सर्प ठानेजस्तै जीवले जगत्लाई सत्य मान्दा सुख र दुःखको सम्पूर्णता पनि यसमा नै देख्दछ । जीवका लागि जगत् सुखको आधार हो । जगत्का यावत भौतिक कुराहरूमार्फत जीव सुखानुभूति गर्न रुचाउँछ । जगत् नै जीवको सुखदुःखको सम्पूर्ण आधार हो । अविद्या रहँदासम्म जगत्लाई जीवले यसरी हेरिरहन्छ । कवितामा चङ्गारूपी जीवले जगत्मा गरेको सांसारिक विचरण र त्यसको अनुभवलाई यसरी चित्रण गरिएको छ :

कहिले नीलो दहमा सफारी माछो सरी भरी ।  
लीला गर्छ गगनमा चक्कर लाखौँ थरी मारी ॥ (श्लोक.११)  
कहिले भुजङ्गजस्तै सुलुलुलु बग्दै बटारिन्छ ।  
कहिले विधिवश बिचमा अरुअरुसँग बेसी लठारिन्छ ॥ (श्लोक.१३)

कविले यहाँ गगनलाई जगत्का रूपमा प्रस्तुत गरेका छन् भने त्यही गगनमा रमाएको चङ्गालाई यो भौतिक संसारमा रमाउने जीव भनेर उल्लेख गरेका छन् । जसरी चङ्गाले रङ्गीनयुक्त आकाशमा विचरण गरेर आनन्द लिँदै त्यसलाई सुखको मूल आधार मानेजस्तै चङ्गारूपी जीवले जगत्लाई सम्पूर्ण सुखको स्रोत मानेको छ । चङ्गाका लागि गगन सबथोक भएजस्तै जीवका लागि यो चराचर जगत् नै सबथोक हो । अविद्याका कारण वास्तविकताबाट विमुख हुँदा जीवले यो संसारलाई सर्वस्व मानेको हो । भौतिक विषयवस्तुको उपयोगबाट जीवनलाई सुखी बनाउन अनेक प्रपञ्च जीवले गर्दछ । आकाशमा चङ्गा कहिले अक्कासिँदै जाने, कहिले सुलुलु बग्दै बटारिने र लठारिने गर्दै जसरी नभलाई सम्पूर्ण सुखको क्रिडास्थल बनाएको छ, त्यसरी नै अज्ञानताका कारण जीवले यो भौतिक जगत्का यावत विषयहरूको उपभोग गरी शाश्वत सुख मिल्दछ भन्ने विश्वास गरेको छ । अविद्याका कारण जीवले गगनरूपी जगत्लाई सत्य मानेर चङ्गाले जति नै गगनरूपी जगत्मा सुख एवम् आनन्द प्राप्तिका लागि चक्कर लगाए पनि शाश्वत सुख एवम् आनन्द पाउन सकेको छैन । जबसम्म यो भ्रम अथवा लीलाबाट जीवले छुटकारा पाउँदैन तबसम्म पारमार्थिक सुखबाट सदा विमुख रहिरहन्छ भन्ने भाव यहाँ व्यक्त भएको छ । चङ्गाले मानेको र देखेको नभको मनोरञ्जन र आनन्द तथा जीवले ठानेको जगत्का सांसारिक सुख एवम् मनोरञ्जन सबै क्षणिक हुन् र शाश्वत आनन्द योभन्दा धेरै पर रहेको आशय यहाँ व्यक्त गरिएको छ ।

### *जीवन चङ्गा* कवितामा माया र बन्धनसम्बन्धी चिन्तन

मायाको काम सत्यलाई ढाक्नु हो । यसले सत्यको ठाउँमा असत्यलाई प्रतिस्थापित गर्दछ । ब्रह्ममा पर्दा हालिदिएपछि सच्चिदानन्द ब्रह्म सुख दुःखात्मक जगत्को रूपमा प्रतीत हुन्छ । मायाले गर्दा जगत्को अस्तित्वको भ्रम परेको हो । मायाले गर्दा जीव भ्रममा परेर असत्यलाई सत्य ठान्दछ । मायाले ज्ञानलाई छोपिदिएर वास्तविकतालाई ढाकिदिन्छ । जीव र जगत् सत्य लाग्नुको कारण माया हो । सांसारिक आशक्तताको कारण नै माया हो । अविद्या रहेसम्म माया रहिरहन्छ । विद्या वा ज्ञान प्राप्त नभएसम्म शुद्धचैतन्य स्वरूप ब्रह्मलाई चिन्न सक्दैन । सांसारिक प्रपञ्चमा निर्लिप्त हुनु, त्यसैलाई सत्य ठान्नु मायाको कारण हो । बन्धनको कारण नै माया हो । अपारमार्थिक सत्यलाई सत्य बनाइदिने काम मायाले गर्दछ । मायाले गर्दा जीव र जगत्लाई सत्य, नित्य र अविनाशी ठानेर मानिस वास्तविक सत्यबाट विमुख बन्दछ । अँध्यारोमा झुण्डिएको डोरीलाई सर्प ठानेर डराएजस्तै मायाले यही भ्रम उत्पन्न गराइदिन्छ र जीवलाई सत्यबाट टाढा गराइदिन्छ । भ्रम त्यतिबेलासम्म रहन्छ जतिबेलासम्म जीवमा अविद्या रहिरहन्छ । माया भनेकै छल हो, भ्रम हो । मायाले जीवलाई छलमा पारेर सांसारिक भौतिक सुखसुविधाबाट परमआनन्द मिल्दछ भन्ने भ्रममा पार्ने काम गर्दछ । कवितामा मायाको प्रभावमा जीवमा देखापर्ने स्वभावलाई यसरी प्रस्तुत गरिएको छ :

चङ्गाको मुखचाहिँ प्रवृत्तिमय रङ्गले लाल ।  
अलिअलि आशा पुच्छर, उसको छ चलबले चाल ॥ (श्लोक ७)

कवितामा चङ्गाको अग्रस्थानको जुन रातो चुच्चो भाग छ, त्यसलाई कविले मानिसको तामसी प्रवृत्तिसँग तुलना गरेका छन् । मायाका कारण मानिस वास्तविकतालाई नबुझी अवास्तविक कुरालाई सत्य मानेर सांसारिक विषयवासनाको पछि लागेको देखाइएको छ । धनसम्पत्तिप्रतिको मोह, विषयवासनाप्रतिको आशक्तता, भौतिक सुसम्पन्नताप्रतिको अतिशय लगाव एवम् सांसारिक सुखलाई मात्र वास्तविक सुख ठान्ने र यिनैको प्राप्ति र अप्राप्तिमा सुख दुःखको अनुभूति गर्नु भनेकै माया हो । जीवनलाई सम्पूर्णता ठान्नु र यसैले भोग्ने यावत कुरालाई जीवनको वास्तविक लक्ष्य मान्नु भनेकै माया हो । यी यावत लोभ, मोहजन्य

प्रवृत्ति भनेकै तामसी प्रवृत्ति हुन्, जुन चङ्गाको लाल चुच्चोले सङ्केत गरेको छ । मानिस विषय भोगी रहेको र सांसारिक सुखलाई सर्वस्व ठानेको र विषयवासनामा निर्लिप्त रहेको भनेर कविले चङ्गाको लाल चुच्चोमार्फत स्पष्ट परेका छन् ।

बन्धनको कारण माया हो । बन्धनले जीवलाई स्वतन्त्र हुन दिँदैन । जीव, जगत्, ईश्वर, आत्मा, माया, ब्रह्म आदिलाई बेग्लाबेग्लै ठान्नु नै अद्वैत वेदान्त दर्शनमा बन्धन मानिएको छ । मायाले गर्दा वास्तविक सत्यबोध नहुँदा मानिस बन्धनमा पर्छ र दुःख पाउँछ भन्ने अद्वैत वेदान्त दर्शनको मान्यता छ । मायाले मानिसलाई तत्त्वज्ञानबाट टाढा राख्दछ र बन्धनमा पर्दछ अनि संसारलाई सत्य ठान्दछ । शरीरलाई आफ्नो मान्न पुग्दा मानिस बन्धनमा पर्दछ । कवितामा चङ्गालाई जीवनसँग तुलना गरिएको छ । चङ्गा आकाशमा उडेको छ, रमाइलो गरेको छ । उन्मत्त बनेर विचरण गरेको छ । तर उसलाई के थाहा छैन भने लट्टाईमा बाँधिएको धागोको सहायताले यो विचरण सम्भव भएको छ । जब त्यो धागो चुँडिन्छ तब चङ्गाको विचरण र उन्मुक्तता नष्ट हुन्छ । मानिसले जे कुरालाई सत्य मानेको छ त्यो असत्य हो भन्ने मायाका कारण थाहा नपाउँदा ऊ बन्धनमा परेको छ । जीव र जगत्को क्षणभङ्गुरता बुझ्न सकेको छैन । मायाका कारण मानिसको चेतना कसरी बन्धनमा परेको छ त्यसैलाई यसरी उल्लेख गरिएको छ :

दुर्गम भै उर्लेकी तलतिर समतुल्य मोहकी गङ्गा ।
फरफर गर्छ उपर यो जीवनमय पातलो चङ्गा ॥ (श्लोक २)

मानिसमा गङ्गा जस्तै गरेर सांसारिक वृत्तिहरू मोहहरू उत्पन्न भएका छन् । जसले मानिसलाई मोह आशक्ततामा लपेटेको छ । अज्ञानताले मानिसलाई यसरी चङ्गा जस्तै क्षणिक रहेको जीवनलाई बुझ्न नदिएर बन्धनमा पारिदिएको छ । बन्धनमा परेर मान्छे अन्धो बनेर यही सांसारिक सुखभोगको प्राप्ति र अप्राप्तिमा सुख-दुःखको अनुभूति गरी दुःख पाएको छ भन्ने यसको आशय रहेको छ ।

### *जीवन चङ्गा* कवितामा मोक्ष र ब्रह्मसम्बन्धी चिन्तन

लेखनाथ पौड्यालले यस कवितामा अद्वैत वेदान्त दर्शनको मोक्ष र ब्रह्म चिन्तनलाई प्रस्तुत गरेका छन् । कविले यहाँ जगत्को सृष्टिको रहस्य पत्ता लगाउन खोजेका छन् । यो संसारलाई उनले अद्भूत देखेका छन् । यसको वास्तविक रहस्य पत्ता लगाउन खोजेका छन् । व्यावहारिक रूपमा सत्य मानिएको कुरालाई उनले अन्तिम सत्य मानेका छैनन् । यो भनेको मोक्ष प्राप्तिको लालसा हो । कवितामा कविले जीव र जगत्को सृष्टिका सन्दर्भमा चासो राखेका छन् र सृष्टिकर्ताको खोजी गरेका छन् ।

यस्तो अद्भूत चङ्गा तयार पारी बडो चमत्कारी ।
नभमा कौतुक गर्ने कुन होला धीर अविकारी ? (श्लोक-९)

आकाशमा उड्ने चङ्गारूपी जीव र यो जगत्को उत्पत्ति कसरी भयो ? यसको वास्तविक सत्यको खोजी कविले गरेका छन् । व्यावहारिक रूपमा उनमा रहेको विश्वासलाई उनले अस्वीकार गरेका छन् । व्यावहारिक सत्यप्रति उनलाई विश्वास लागेको छैन र उनले वास्तविक सत्यको खोजी गरी आफू यो सांसारिक भ्रम र बन्धनबाट मुक्त हुन खोजेका छन् । उनले रहस्यमय अद्भुत चमत्कारी कुराप्रति चासो र जान्ने उत्सुकता राखेर वास्तविक पारमार्थिक सत्य जान्न चाहेका छन् । यही बुझेर सत्यको खोजी गर्नु नै मोक्ष हो ।

जय जगदीश्वर ! देखेँ विश्वव्यापी प्रकाश त्यो खास ।
सूक्ष्म लटाई भित्रै रहेछ प्रभुको निवास वा भास ॥ (श्लोक २०)

कविले यस कवितांशमा जगत्का ईश्वर भनेर ब्रह्मलाई चिनाएका छन् । अद्वैत वेदान्त दर्शनमा संसार जतातत्तै ब्रह्ममय छ भनेर स्पष्ट पारिएको छ । यहाँ कविले विश्वव्यापी प्रकाश भनेर ब्रह्मयतालाई सङ्केत गरेका छन् । लट्टाभित्र प्रभुको निवास भन्नु भनेको हरेक वस्तुमा ब्रह्म छ भन्नु हो । कविलाई यो चराचर जगत् सारा ब्रह्म नै रहेछ भन्ने बोध हुनु नै मोक्ष हो भने एक मात्र सत्य एवम् सारा चराचर जगत् ब्रह्माण्ड सबैमा ब्रह्म छ र सबै ब्रह्मका विवर्त रूप हुन् भन्नु भनेको ब्रह्म मात्र सत्य छ भनेर स्वीकार गर्नु हो । कविमा यो तत्त्वज्ञान भएपछि नै विश्वब्रह्माण्डमा एक मात्र सत्ता ईश्वरको अथवा ब्रह्मको हो भन्ने स्वीकार गरेको देखिन्छ । यही अद्वैत वेदान्त दर्शनको मोक्ष र ब्रह्मसम्बन्धी मान्यतालाई कविले यस कवितामा प्रस्तुत गरेको विषय हो ।

### निष्कर्ष

*जीवनचङ्गा* कवितामा चङ्गारूपी जीव अविद्याका कारण सांसारिक बन्धनमा फसेर अवास्तविक सुखको पछि लागेको भाव व्यक्त गरिएको छ । लट्टाईमा बाँधिएको धागोको भरमा आकाशमा उन्मुक्त भएर

विचरण गरेझैं मान्छेले मायाका कारण मोहमा फसेर जगत्को भौतिक सुखसुविधाको उपभोगबाट परम आनन्द प्राप्त गर्न सकिन्छ भनेर असत्यको बाटोमा हिँडेको, क्षणभङ्गुरतालाई नबुझेको र भ्रममा बाँचेको कुरा उल्लेख गरिएको छ । मानिसको तामसी विचारलाई चङ्गाको चुच्चोसँग तुलना गर्दै कविले अज्ञानताका कारण मानिसले प्रवृत्त मार्गमा लागेर दुःख पाएको उल्लेख गरेका छन् । कविले *जीवन चङ्गा* कवितामा तत्त्वज्ञान प्राप्तपछि पारमार्थिक सत्य बोध हुने र यो संसार विश्वव्यापी प्रकाश भन्दै ब्रह्ममय रहेको उल्लेख गरेका छन् । रहस्यमय विश्वको सृष्टि र सञ्चालनकर्ताको खोजी गर्दै कविले जगदीश्वर नै सञ्चालनकर्ता भएको र लट्टाईमा आत्मारूपी ईश्वर छन् भन्ने तत्वज्ञान प्राप्त गरेको उल्लेख गरेका छन् । यस कवितामा जगदीश्वर एवम् प्रभु भनी सम्बोधन गरी विश्वब्रह्माण्डमा एक मात्र सत्ता ईश्वर अथवा ब्रह्मको छ भनेर कविले स्वीकार गरेका छन् । यसरी विश्वब्रह्माण्डमा ईश्वरको मात्र सत्ता स्वीकार यस कवितामा कविले गरेको हुनाले यो कविता अद्वैत वेदान्त दर्शनबाट प्रभावित रहेको स्पष्ट मान्न सकिन्छ ।

**कृतज्ञता ज्ञापन**

*लेखनाथका फुटकर कवितामा वेदान्त दर्शन शीर्षकमा केन्द्रित भई लघु-अनुसन्धान कार्यका लागि मलाई अवसर प्रदान गर्ने पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखराको अनुसन्धान समितिप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै यस अनुसन्धानात्मक कार्य एवम् लेखलाई सुपरीवेक्षण गरी महत्त्वपूर्ण सुझाव दिनुहुने अमदरणीय विद्वान् गुरु प्राध्यापक डाक्टर विष्णुप्रसाद पौड्लज्यूप्रति हार्दिक नमनसहित कृतज्ञता ज्ञापन गर्दछु ।*

**सन्दर्भ सूची**

अञ्जना (सन् २००६), *शंकरका अद्वैत दर्शन,* दिल्ली : परिमल पब्लिकेसन ।

गिरी, स्वामी रामानन्द (२०५५), *जनक दर्शन,* (अनुवादक तिमिल्सिना, रामहरि), भक्तपुर :जनक शिक्षा सामग्री केन्द्र ।

गौतम, कृष्ण (२०५६), *सिर्जनाको सुवास,* ललितपुर : साझा प्रकाशन ।

घिमिरे, डुकुलराज (२०६९), *दधिराज मरासिनी र लेखनाथ पौड्यालका कवितामा दार्शनिकपक्षको तुलनात्मक अध्ययन* (अप्रकाशित) विद्यावारिधि शोधप्रबन्ध, काठमाडौं : नेपाल संस्कृत विश्वविद्यालय ।

ढकाल, बोधराज(२०७७*), लेखनाथका फुटकर कवितामा वेदान्त दर्शन*(अप्रकाशित), लघु-अनुन्धान प्रतिवेदन, अनुसन्धान समिति, पोखरा : पृथ्वीनारायण क्याम्पस ।

त्रिपाठी, वासुदेव (२०३२), *सिंहवालोकन, दो.सं.* काठमाडौं : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६३), *लेखनाथको प्रमुख कविता*(ते.सं.) ललितपुर : साझा प्रकाशन ।

थापा, भोला (२०७५), *वेदमा के छैन ?,* काठमाडौं : अनुश्का प्रकाशन ।

न्यौपाने, मीरा (२०२४), "हिन्दू दर्शन र लेखनाथ", *कस्तुरी,* वर्ष १, अङ्क १, पृ.२-६ ।

प्रभुपाद, श्री श्रीमद् ए.सी. भक्ति वेदान्त स्वामी (सन् २०१६), *श्रीमद्भागवद्गीता यथारूप( अनु.वादरायणदास),* मुंबई : भक्तिवेदान्त बुक ट्रस्ट ।

भट्टराई, बद्री विशाल (२०४०), "सत्य सन्देश भित्रका लेखनागको सन्देश", *मधुपर्क,* वर्ष १६,अङ्क ८, पृ. २२-२६ ।

राधाकृष्णन्, सर्वपल्लि (सन् २०१२), *भारतीय दर्शन,* भाग-२, (हिन्दी अनु.शोभित,नन्दकिशोर) दिल्ली : राजपाल एन्ड सन्ज ।

रिजाल, राममणि (२०५८), *नेपाली काव्य र कवि,* पाँचौं सं. ललितपुर : साझा प्रकाशन ।

शर्मा, अर्जुनदेव (२०६१), *भारतीय दर्शनहरूमा के छ ?* काठमाडौं : प्रवेश प्रकाशन प्रा.लि.।

शर्मा, चन्द्रधर (सन् २०१०), *भारतीय दर्शन आलोचना और अनुशीलन,* द्वितीय संस्करणदिल्ली : मोतीलाल बनारसीदास ।

शर्मा, नारायण (अनु) (२०६५), *उपनिषद् तत्त्वचिन्तन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सिंह, केदारनाथ र सिंह, शशिभूषण (सन् २०१२), *भारतीय दर्शन,* नयाँदिल्ली : ज्ञानदाप्रकाशन ।